अनुसूची - २

(बुँदा ४.१ सँग सम्बन्धित सूचना)

# चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको कार्यालय

## चौतारा, सिन्धुपाल्चोक

### प्रदेश नं.३, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०७५।०६।०७)

१. चौतारा साँगाचोकगढी नगरपालिकाको लागि (बिषयगत शाखा, वडा कार्यलयमा तथा नगरपालिकाले तोकेको स्थान) मा रहने गरी सहायक स्तर चौथो/पाँचौ पदहरुको देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी चौतारा साँगाचोकगढी नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजे भित्र चौतारा साँगाचोगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, चौतारा, सिन्धुपाल्चोकमा दरखास्त दिन हुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फारम, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा चौतारा साँगाचोकगढी नगरपालिकाको वेवसाईट www.chautarasangachowkgadhimun.gov.np बाट डाउनलोड गर्न सक्नु हुनेछ ।

| क्र.स | पद नाम | न्युनतम शैक्षिक योग्यता | संख्या |
|---|---|---|---|
| १ | सव-इन्जिनियर (जनरल समूह) (पाँचौ तह) | नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ्ग बिषयमा, प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको । | १२ जना |
| २ | जे.टि.(पाँचौ तह) | नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्था बाट  कृषि विज्ञान विषय लिई प्रविणता प्रमाण पत्र तह (आई.एस्सी.एगृ)उत्तीण वा एस.एल.सि.वा टि.एस.एल.सी उत्तीण गरि न्युनतम ३ बर्ष अवधिको कृषि बिषयको डिप्लोमा उत्तीण वा जे.टि.ए. कोर्ष  उत्त्रिर्ण गरि कृषि विज्ञानमा १ वर्ष जे.टि. कोर्ष (प्राविधिक प्रमाण पत्र) उत्तीर्ण । | ३ जना |
| ३ | पशु स्वास्थ्य प्राविधिक (पाँचौ तह) | नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्था बाट पशुविज्ञान विषय लिई प्रविणता प्रमाण पत्र तह (आई.ए.सी.एगृ) उत्तीर्ण वा एस.एल.सि.वा टि.एस.एल.सी उत्तीण गरि पशु विज्ञान विषयमा न्युनतम ३ बर्षको अवधिको डिप्लोमा उत्तीर्ण  वा पशु विज्ञान विषयमा जेटिय कोर्ष उत्तीर्ण गरि पशु विज्ञान विषयमा जे.टी.ए. कोर्ष उत्तीण गरी पशु विज्ञान बिषयमा १ वर्ष जे. टि. कोर्ष (प्राविधिक प्रमाण पत्र) उत्तीर्ण । | २ जना |

२. **अन्य योग्यता**

१. नेपाली नागरिक हुनु पर्ने ।

२. दरखास्त दिने अन्तिम मिति सम्ममा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको हुनुपर्ने (महिला आवेदकको हकमा ४० बर्ष ननाघेको)।

३. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

३. दरखास्तमा संलग्न गर्नुपर्ने उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि (अनुभव भएमा) तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

४. चौतारा साँगाचोकगढी नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा व्यवस्था भए बमोजिम यस बिषयमा नगरपालिकाको आधिकारीक वेवसाईट www.chautarasangachowkgadhimun.gov.np मा अध्ययन गर्न सकीने छ ।

५. शैक्षिक योग्यता, अनुभव चौतारा साँगाचोकगढी नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ र अर्न्तवार्तको आधारमा योग्यता निर्धारण गरिनेछ ।